# समृद्धिमा सहकारीको भुमिका विषयमा कार्यशाला गोष्ठी सम्पन्न

**६५ औं अन्तराष्ट्रिय सहकारी दिवसको पुर्व सन्ध्यामा जिल्ला सहकारी संघ लगायत अन्य बिषयगत संघहरुको आयोजनामा**




२०७८ चैत्र १९ कोहलपुर, बाँके ६५ औं अन्तराष्ट्रिय सहकारी दिवसको पुर्व सन्ध्यामा जिल्ला सहकारी संघ लगायत अन्य बिषयगत संघहरुको आयोजनामा रक्तदान लगायत विभिन्न कार्यक्रमहरु भएका छन् र सबै कार्यक्रममा सबै सहकारीको उत्साहजनक उपस्थितीका साथ सहकार्य समेत भएको जानकारी जिल्ला सहकारी संघका प्रबन्ध संचालक नवराज उपाध्यायले बताए । त्यसै गरी नेपालगंजको सिद्धार्थ होटलमा चैत्र १७ र १८ गते समृद्धिमा सहकारीको भुमिका विषयमा कार्यशाला गोष्ठी सम्पन्न भएको छ । कार्यशालामा विज्ञ ब्यक्तिहरुको प्रस्तुती रहेको थियो जसमा सबै संघ र सहकारीका पदाधीकारी गरी १८०

जनाको सहभागीता रहेको जिल्ला संघका कर्मचारीले बताए । गोष्ठीको समुद्घाटन राष्ट्रिय सहकारी महासंघ लि. नेपालका निवर्तमान अध्यक्ष केशव प्रसाद वडालले पानसमा बत्ति बालेर गरेका थिए भने दुई दिन चलेको गोष्ठीको कार्यक्रमको सफल संचालन जिल्ला सहकारी संघ बाँकेका प्रबन्ध संचालक नवराज उपाध्यायले गरेका थिए ।

समृद्धिमा सहकारीको भुमिका विषयमा कार्यशाला गोष्ठीमा मुख्यत ६ वटा विषयमा प्रस्तुती भएको थियो । पहिलो दिनमा नेपालमा सहकारीको विगत, वर्तमान र भविस्यको विषयमा कार्यपत्र महासंघका अध्यक्ष ले प्रस्तुत गरेका थिए । प्रस्तुतीमा सहकारीले राष्ट्रको आर्थिक, सामाजीक र सांस्कृतीक उत्थानमा गरेको योगदान र सहकारीको उदयसंगै विगत देखी वर्तमान सम्म आउँदा के कस्ता परिवर्तन भए र भविस्यमा सहकारीको कस्तो योगदान र कार्य हुन पर्ने कुरामा कार्यपत्र प्रस्तुत गरेका थिए । कार्यक्रमको दोस्रो सेसनमा राष्ट्रिय सहकारी महासंघ लि. नेपालका महाप्रबन्धक चित्रा कुमारी थामसुहंग सुब्बाको रहेको थियो जसमा सहकारीमा महिला सशक्तिकरण विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । नेपालको सहकारी अभियान तिब्र रुपमा अगाडी बढाउँदै गर्दा महिलाको स्थान के र कहाँ छ किन महिलालाई मुख्य जिम्मेवारीमा राखीदैन । महिलाको नेतृत्व के स्विकार्य नभएको हो ? आँकडामा हेर्दा महिलाको सहभागीता सहकारीमा राम्रो रहेता पनि जिम्मेवार पदमा पुरुष नै भएकोले त्यसमा परिवर्तन हुन जरुरी रहेको बताउनु भयो । सहकारी क्षेत्रमा महिलाहरुलाई के जिम्मेवार पद नदिएकै हो त ? भन्ने प्रश्नमा सोही कार्यक्रममा सहभागी भएका सहकारी कर्मिले पुर्ण रुपमा प्रजातन्त्रीक अभ्यास सहकारीमा रहेको र महिलालाई जिम्मेवारी नदिएको भन्ने ठाउँ नै छैन र त्यसकुरामा पुर्ण सहमत नरहेको बताए । एउटा सहभागी सहकारी कर्मिले नेपाल जहाँ देशको राष्ट्रपती नै महिला भएको ठाउँमा महिलालाई जिम्मेवारी वा पद हामीले दिने हैन उनीहरुले लिन सक्न पर्छ भन्ने बताए ।



त्यसैगरी पहिलो दिनको अन्तीम प्रस्तुती नेफस्कुनका प्रमुख कार्यकारी अधिकृत प्रकाश प्रसाद पोखरेल ले बित्त ब्यबस्थापन विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए भने सहभागी सहकारी कर्मिको सिकाईमा उर्जा थप्न मनोरन्जन नेपाली सांस्कृतक नृत्य समेत राखिएको थियो ।
नेपालमा समृद्धिका लागी सहकारी र त्यसको भुभिका लाई सहिबाटो दिन सहकारी कर्मिले र सहकारी अभियान्ताहरुको प्रयासले मात्र सम्भव हुन सक्दैन त्यसको लागी नेपाल सरकाले समेत सहकारीको महत्वलाई बुझेर त्यसको उचित ब्यबस्थापनमा लाग्न जरुरी देखीन्छ । अर्थतन्त्रको तिन खम्बे नारामा मात्र सिमित नराखी साँच्चिकै त्यसको सही उपयोग र परिचालनमा ध्यान दिन जरुरी छ ।




कार्यक्रमको दोस्रो दिनमा तिन मुख्य बिषयमा कार्यपत्र प्रस्तुत भएका थिए जसमा राष्ट्रिय सहकारी बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रि कुमार गरागाईले सहकारीमा नेतृत्व र व्यबस्थापन विच अन्तरसम्बन्ध कस्तो रहेमा सहकारी सबल हुन्छ भन्ने विषयमा प्रस्टयाएका थिए भने राष्ट्रिय सहकारी महासंघ लि. नेपालका सल्लाहकार दिपक कुमार बास्कोटाले विभिन्न देशमा गएर सिकेका, देखेका र भोगेका अन्तराष्ट्रिय एवं राष्ट्र भित्रका आफ्ना अनुभवहरु प्रस्तुत गरेका थिए । विशेष गरी छिमेकी मुलुकमा भएका सहकारीले गरेको प्रगती र त्यसको कारण समेत प्रस्ट्याई सोही अनुरुप सिकाई गरी नयाँ ढंगले सहकारी अगाडी बड्न पर्ने बताए ।

त्यसैगरी कार्यक्रमको अन्तिम प्रस्तुती पुर्व अर्थमन्त्रि सुरेन्द्र पाण्डेले अर्थतन्त्रमा सहकारीको अनुभव विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए । प्रस्तुतीमा पुर्व अर्थमन्त्रिले सहकारीले अव सहकारी को नारा जस्तै मर्यादित हुन जरुरी रहेको र सहकारीले गर्ने कार्यहरु कृषी, पशुपन्छि पालन या अन्य कुनै पनि ब्यवसायलाई अब पुर्ण बैज्ञानीक तवरले गर्ने प्रविधियुक्त हुन पर्ने कुरामा विशेष जोड दिएका थिए ।

समृद्धिमा सहकारीको भुमिका विषयमा चलेको दुई दिने गोष्ठीमा आर एस डि सि कोहलपुरका शाखा प्रमुख विन्दु न्यौपानेले संस्थाले दिईरहेका सेवा सुविधाका बारेमा जानकारी दिनुका साथै सम्पुर्ण सहकारी संस्थाहरु संग सहकार्य गरी अगाडी बड्ने समेत जानकारी दिएका थिए । उपस्थित सहकारीका पदाधिकारीहरुको उत्साहपुर्ण सहभागीता र अन्तरक्रिया रहेको थियो ।






